# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः १ मितिः २०७७/०२/२९


## भाग — २

# रुपा गाउँपालिका कास्कीको नश्ल सुधार कृषक अनुदान कार्यविधि, २०७७

**प्रस्तावना :**

रुपा गाउँपालिका क्षेत्रभित्र वसोवास गरी पशुपालनमा संलग्न रहेका कृषकहरुको उन्नत पशुपालनको माध्यमवाट आर्थिक स्तरमा बृद्धि गर्ने उद्देश्यका साथ गाई, भैसीमा निःशुल्क कृत्रिम गर्भधान सेवा तथा उन्नत बहर, राँगो तथा बोका बितरण मार्फत कृषकहरुको आर्थीक तथा सामाजिक हैसियत सवल तथा सक्षम वनाई गाउँपालिकाको तर्फवाट नश्ल सुधार कृषक अनुदान कार्यक्रम प्रभावकारी रुपमा संञ्चालन तथा व्यबस्थापन गर्न वान्छनीय भएकोले

रुपा गाउँपालिका कास्कीको प्रशासकीय कार्यविधि -नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०७७ जेष्ठ २५ गतेको कार्यपालिका बैठकबाट देहायका नियमहरु वनाएको छ ।

## परिच्छेद १

क) संक्षिप्त नाम : यस कार्यविधिको नाम **रुपा गाउँपालिका कास्कीको नश्ल सुधार कृषक अनुदान कार्यक्रम, २०७७** रहनेछ ।

ख) यो कार्यविधि रुपा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

ग) यो कार्यविधि रुपा गाउँपालिका भर लागु हुनेछ ।

**२.परिभाषा :**

क) **कार्यविधि** भन्नाले नश्ल सुधार कृषक अनुदान कार्यक्रम २०७७ सम्झनु पर्नेछ ।

ख) **प्राविधिक** भन्नाले कृत्रिम गर्भधान तालिम लिएको पशु प्राविधिकलाई सम्झनु पर्नेछ ।

ग) **गाउँपालिका** भन्नाले रुपा गाउँपालिका सम्झनु पर्नेछ ।

घ) **फर्म, समूह /सहकारी** भन्नाले गाउँपालिका भित्र रहेका पशुपालन गर्ने उद्देश्यका साथ गाउँपालिका वा सम्बन्धित निकाएमा दर्ता भएको कृषि/पशु फर्म, समूह /सहकारी सम्झनु पर्नेछ।

ङ)**वडा कार्यालय** भन्नाले रुपा गाउँपालिकाका वडाहरु सम्भन्नु पर्नेछ ।

घ)माउ बाखा भन्नाले कम्तीमा १० महिना उमेर भएको पाठापाठी र माउ गाई/भैँसी भन्नाले ३ बर्षको पाडापाडिलाई सम्भन्नु पर्नेछ ।

## परिच्छेद २

### ३. सर्त तथा भुक्तानी विधि :

### ३.१) नश्ल सुधार कृषक अनुदान कार्यक्रम अर्न्तगत कार्यक्रम सञ्चालन तथा भुक्तानी विधिः

नश्ल सुधार कृषक अनुदान कार्यक्रम अर्न्तगत तपशिल बमोजिमका २ वटा शिर्षकमा कार्यक्रम सञ्चालन हुनेछ ।

### ३.१.१) प्राकृतिक गर्भधान अर्न्तगत उन्नत बहर, राँगो तथा बोका खरिदमा अनुदान :

क) कृत्रिम गर्भाधान गर्न असहज हुने गाउँपालिकाका ठाउँहरुमा नश्ल सुधार गर्नको लागि व्यवसायिक फर्म, समूह /सहकारीलाई

उन्नत बहर, राँगो तथा बोका खरिदको लागि ७५ प्रतिशत रकम बितरण गर्नेछ ।

ख)गाउँपालिकाले उन्नत बहर, राँगो तथा बोका बितरण का लागि **अनुसूची १** अनुसारको १५ दिनको सूचना निकाल्नेछ ।

ग) सूचना पश्चात इच्छुक फर्म, समूह /सहकारी ले **अनुसूची २** बमोजिमको निवेदन वडा कार्यालयमा दिनुपर्नेछ ।

घ) वडा कार्यालयले कृत्रिम गर्भधान गर्न असहज ठाउँका तपशिल बमोजिमको व्यवसायिक फर्म, समूह /सहकारीलाई मात्र सिफारिस गर्नेछ ।

**फर्मको हकमा :** माउ बाख्रा : २० वटा वा माउ गाई/भैँसी : ७ वटा

**समूह /सहकारीको हकमा :**

माउ बाख्रा :प्रत्येक व्यक्तिले ५ वा समूह /सहकारी भरमा १५० वटा ।

माउ गाई/भैँसी : प्रत्येक व्यक्तिले २ वा समूह /सहकारी भरमा ६० वटा ।

ङ)वडा कार्यलयले सिफारिस गरिसकेपछि **अनुसूची ३** वमोजिमको अनुगमन गरि छनौट समितिले **अनुसूची ४** वमोजिमको मूल्यांकनका आधारमा फर्म, समूह /सहकारीलाई छनौट गर्नेछ ।

च)छनौटमा परेको फर्म, समूह /सहकारीले **अनुसूची ५** वमोजिमको सम्झौता पश्चात सम्झौता बमोजिम उन्नत बहर वा राँगो वा बोका खरिद गरि ल्याउनेछ ।

छ) फर्म, समूह/सहकारीले काम सम्पन्न गरिसकेपछि गाउँपालिकाले **अनुसूची ६** वमोजिमको अनुगमन  गर्नेछ र उन्नत बहर वा राँगो वा बोका को विल/भरपाई , फोटो , अनुगमन प्रतिवेदन र वडाको सिफारिसका आधारमा गाउँपालिकाले रकम भुक्तानी दिनेछ ।

**३.१.२.निःशुल्क कृत्रिम गर्भधान :**

क) निःशुल्क कृत्रिम गर्भधान **अनुसूची ७** बमोजिमको सूचना पश्चात गाउँपालिका भित्रका गाई र भैसीमा हुनेछ ।

ख) निःशुल्क कृत्रिम गर्भधान का लागी सेवा एक आर्थिक बर्षमा एउटा गाई,भैसी को लागी १ लागी मात्र उपलव्ध गराइनेछ ।

ग) निःशुल्क कृत्रिम गर्भधान सेवा उपलब्ध गराएवापत कृत्रिम गर्भधान तालिम प्राप्त पशु सेवा शाखा का प्राविधिकले कार्यालय समयको अतिरिक्त समयमा सेवा उपलब्ध भएमा र अन्य निजी सेवा प्रदायक कृत्रिम गर्भधान तालिम प्राप्त पशु प्राविधिकहरुका लागी कृत्रिम गर्भधान सेवा वापत कृषकसंग बढिमा गाई, भैसीको रु ७०० लिन पाउनेछ ।

घ) कृत्रिम गर्भधान गर्नको लागी कृषकले निजी सेवा प्रदायक कृत्रिम गर्भधान तालिम प्राप्त पशु सेवा प्राविधिकहरु बोलाई गाउँपालिकाको कार्यविधिअनुसार गर्न सक्नेछन् ।

३) पशुपालक कृषकले कृत्रिम गर्भाधान गरेवापत प्रोत्साहन स्वरुप गाई, भैसीको रु ७०० कृषकलाई गाउँपालिकाले उपलव्ध गराउनेछ ।

४) कृषकले कृत्रिम गर्भधान गर्दा प्राविधिकले दिएको **अनुसूची ८** बमोमिको कार्ड र वडा

अध्यक्ष वा वडा सदस्यको साक्षी को सहिछाप लगाएको भरपाईको आधारमा कृषकलाई प्राविधिक मार्फत रकम उपलब्ध गराइनेछ ।

५)यदि एउटै पशुलाई एक आर्थिक बर्षमा २ पटक कृत्रिम गर्भधान गरेको नक्कली कागजात पेश गरेको थाहा भएमा कृषकलाई गाउँपालिकाबाट प्राप्त हुने सुविधा नदिने तथा प्राबिधिकलाई भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ ।

## परिच्छेद ३

## छनौट समिति , र अनुगमन

### ४.छनौट समिति :

४.१. नश्ल सुधार कृषक अनुदान कार्यक्रम अर्न्तगत प्राकृतिक गर्भधान का लागि उन्नत बहर, राँगो तथा बोका खरिदमा अनुदानका लागि फर्म, समूह /सहकारीलाई छनौट गर्न तपसिल वमोजिमको ५ सदस्यी छनौट समिति हुनेछ ।

| क्रं.सं. | | | |
|---|---|---|---|
| १ | अध्यक्ष, रुपा गाउँपालिका | संयोजक | |
| २ | उपाध्यक्ष, रुपा गाउँपालिका | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत, रुपा गाउँपालिका | सदस्य | |
| ४ | कृषि विकास शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | |
| ५ | पशु सेवा शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य सचिव | |

## ४.२.छनौट समितिको अधिकार :

**क**) प्राकृतिक गर्भाधान अर्न्तगत उन्नत बहर, राँगो तथा बोका खरिदमा अनुदानका लागि फर्म, समूह /सहकारीलाई छनौट तथा रकम निर्धारण गर्नको लागी सम्पूर्ण अधिकार छनौट समितिलाई हुनेछ ।

## ५.अनुगमन समिति :

रुपा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारिले अनुदानका लागि फर्म, समूह /सहकारीलाई छनौट तथा कार्यसम्पन्न को अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद ४

## आर्थिक पक्ष, बाधा अड्काउ फुकाउ र संशोधन

### ६.आर्थिक पक्ष :

नश्ल सुधार कृषक अनुदान कार्यक्रमको लागी रकम खर्च गर्दा देहाय बमोजिम गर्न सकिनेछ ।

क) उन्नत बहर, राँगो तथा बोका खरिदमा ४० प्रतिशत सम्म ।

ख) कृत्रिम गर्भधान सम्बन्धि काम गर्न तथा प्रोत्साहन स्वरुप रकम दिन ५० प्रतिशत सम्म ।

ग) तालिम, गोष्ठी, भ्रमण, अनुगमन र प्रशासनिक कार्यमा बढीमा १० प्रतिशत सम्म ।

घ) यदि आर्थिक पक्षको क,ख र ग को कुनै शिर्षकमा रकम खर्च नभएमा एक शिर्षक को

रकम आवश्यकताअनुसार अर्को शिर्षकमा खर्च गर्न सकिनेछ ।

**७.बाधा अड्काउ फुकाउ :**

यस कार्यविधि कार्यान्वयन सम्बन्धमा कुनै दुविधा भएमा सोको निरुपण गाउँपालिकाले गर्नेछ ।

**८. संशोधन :**

यो कार्यविधि आवश्यकतानुसार गाउँपालिका गाउँकार्यपालिकाको कार्यलयले संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

नश्ल सुधार कृषक अनुदान कार्यक्रम अन्तर्गत प्राकृतिक गर्भधान सेवा संञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना

# सूचना । सूचना ॥ सूचना ॥।

यस रुपा गाउँपालिका ,गाउँकार्यपालिकाको कार्यलयको आर्थिक वर्ष २०७७।७८ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार नश्ल सुधार कृषक अनुदान कार्यक्रम अन्तर्गत प्राकृतिक गर्भधान सेवा का लागि उन्नत बहर, राँगो तथा बोका खरिदको लागि ७५ प्रतिशत रकम बितरण गर्नुपर्ने भएकोले कृत्रिम गर्भाधान सेवा पाउन कठिन भएका ठाउँहरुका इच्छुक फर्म, समूह /सहकारीबाट प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र संम्बन्धित वडा कार्यलयमा अनुसूची २ अनुसारको ढाँचामा आवश्यक कागजातहरु सहित प्रस्ताव पेश गर्नको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**<u>आवश्यक कागजातहरु</u>**

१.फर्मको हक मा फर्म दर्ता प्रमाण पत्र ।

२.समूह /सहकारीको हक मा दर्ता प्रमाण पत्र र अनुदान माग गर्ने निर्णयको प्रतिलिपी ।

३.फर्म संञ्चालकको नागरिकताको प्रतिलिपी ।

# अनुसूची २

श्रीमान्् वडा अध्यक्ष ज्यू,
रुपा गाउँपालिका
......... नं. वडा कार्यलय
..........,कास्की
मितिः

**विषयः प्राकृतिक गर्भाधान सेवा सञ्चालन सम्बन्धमा।**
महोदय,
प्रस्तुत बिषय सम्बन्धमा रुपा गाउँपालिका गाउँकार्यपालिकाको बाट मिति...................... को सूचनानुसार नश्ल सुधार कृषक अनुदान कार्यक्रम अन्तर्गत प्राकृतिक गर्भधान सेवा का लागि उन्नत बहर, राँगो तथा बोका खरिदमा ७५ प्रतिशत रकम बितरण गर्ने कार्यक्रममा मेरो / हाम्रो ............... (फर्म/ समूह/ सहकारी) का लागी उन्नत ...........(बहर /राँगो / बोका) खरिद गर्न ७५ प्रतिशत रकम पाउनका लागी सिफारिस गरिदिनुहुन विनम्र अनुरोध छ । साथै तपसिल अनुसारका कागजातहरू यसै निवेदनसाथ संलग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरू**

१. दर्ता प्रमाण पत्र ।

२.समूह /सहकारीको हक मा दर्ता प्रमाण पत्र र अनुदान माग गर्ने निर्णयको प्रतिलिपी ।

३.फर्म संञ्चालकको नागरिकताको प्रतिलिपी ।

निवेदक
फर्म/ समूह/ सहकारी नामः
फर्म संञ्चालक /समूह, सहकारी
प्रतिनिधिको नाम :
ठेगानाः
सहि छाप :
फोन नं. :

# अनुसूची ३

## नश्ल सुधार कृषक अनुदान कार्यक्रम अन्तर्गत प्राकृतिक गर्भधान सेवा मा छनौटका लागि अनुगमन को ढाँचा ।

१.कार्यक्रम सञ्चालन हुने स्थानहरूमा सडक, बाटो र बिजुली जस्ता भौतिक पूर्वाधारहरूको सुविधा :

२.पशुपन्छी को संख्या :

३.हालसम्म यस प्रकृतिका कार्यक्रम सफलतापूर्वक सञ्चालन भएको वा नभएको :

४.पशुपन्छीजन्य पदार्थहरूको विक्री वितरणको लागि बजारको पहुँच भएको वा नभएको :

५.कुनैपनी सरकारी कार्यालय ,संघ संस्था मार्फत अनुदान पाएको वा नपाएको :

## ६.पशुपन्छी पकेट क्षेत्र निर्धारण भएको र पशु जन्य पदार्थ उत्पादन वृद्धि गर्ने पर्याप्त सम्भावना रहेको वा नरहेको :

| सि नं | छनौटको आधार | प्राप्त हुने अङ्क |
|---|---|---|
| १ | **कार्यक्रम सञ्चालन हुने स्थानहरूमा सडक, बाटो र बिजुली जस्ता भौतिक पूर्वाधारहरूको सुविधा भएका स्थानहरू** | १५ |
| | (क) पर्याप्त सुविधा भएको ठाउँ | १५ |
| | (ख) केही सुविधा भएको ठाउँ | १० |
| | (ग) सुविधा नभएको ठाउँ | ० |
| २ | **पशुपन्छी पर्याप्त सङ्ख्यामा रहेका क्षेत्रहरू** | **१५** |
| | (क) पर्याप्त सङ्ख्यामा पशुपन्छी रहेको क्षेत्र | १५ |
| | (ख) मध्यम सङ्ख्यामा पशुपन्छी रहेको क्षेत्र | १० |
| | (ग) न्यून सङ्ख्यामा पशुपन्छी रहेको क्षेत्र | ० |
| ३ | **हालसम्म यस प्रकृतिका कार्यक्रम सफलतापूर्वक सञ्चालन भइरहेका स्थानहरू** | १० |

| | | |
|---|---|---|
| | (क) कार्यक्रम सफलतापूर्वक सञ्चालन भइरहेका स्थानहरू | १० |
| | (ख) कार्यक्रम सन्तोषजनक रूपमा सञ्चालन भइरहेका स्थानहरू | ५ |
| | (ग) कार्यक्रम सञ्चालनमा कठिनाइ भइरहेका स्थानहरू | ० |
| ४ | **पशुपन्छीजन्य पदार्थहरूको विक्री वितरणको लागि बजारको पहुँच भएको स्थानहरू** | **१५** |
| | (क) बजारको प्रचुर सम्भावना रहेका स्थानहरू | १५ |
| | (ख) बजारको केही सम्भावना रहेका स्थानहरू | १० |
| | (ग) बजारको न्युन सम्भावना रहेका स्थानहरू | ५ |
| ५ | **अघिल्लो आ.व. मा कुनैपनी सरकारी कार्याललय ,संघ संस्था मार्फत अनुदान पाएको वा नपाएको** | ५वा नपाएको १५ |
| ६ | **पशुपन्छी पकेट क्षेत्र निर्धारण भएको र पशु जन्य पदार्थ उत्पादन वृद्धि गर्ने पर्याप्त सम्भावना रहेका स्थानहरू** | **१५** |
| ७ | **कृत्रिम गर्भाधान गर्नका लागी सहज भएका ठाउँहरु** | **१५** |
| | कृत्रिम गर्भाधान गर्नका लागी प्राविधिक उपलब्धता तथा सहज ठाउँहरु | ५ |

| | | |
|---|---|---|
| | कृत्रिम गर्भाधान गर्नका लागी प्राविधिक उपल्ब्ध नभएको तथा असहज ठाउँहरु | १० |
| | **जम्मा** | **१००** |

## अनुसूची ४
## छनौट गर्ने आधारको ढाँचा

कार्यालयले तोकेबमोजिम हुनेछ ।

# अनुसूची ५
## सम्झौता-पत्र

रुपा गाउँपालिका,गाउँकार्यापालिकाको कार्यालय,रुपाकोट, कास्की (पहिलो पक्ष भनिने) र रुपा ................ मा अवस्थित.......................... ..............................(दोस्रो पक्ष भनिने) बीच नश्ल सुधार कृषक अनुदान कार्यक्रम अर्न्तगत प्राकृतिक गर्भधान का लागि उन्नत बहर, राँगो तथा बोका खरिदमा अनुदान दिने कार्यक्रम संञ्चालन गर्न तपशिल बमोजिमका शर्तका अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौ /दियौं ।

<u>तपसिल</u>

१. दोस्रो पक्षले बहर /राँगो / बोका) खरिद गरि सम्झौता भएको मितिले १५ दिनभित्र ल्याईसक्नुपर्नेछ ।

२. दोस्रो पक्षले तपशिल वमोजिमका बहर /राँगो / बोका) खरिद गरि ल्याईसक्नुपर्नेछ ।

| बहर | राँगो | बोका |
| --- | --- | --- |
| ● बहर शुद्ध वा ५० देखि ७५ प्रतिशत जर्सि जातको हुनुपर्नेछ ।<br>● बहरको उमेर २.५ देखि ४ | ● राँगो शुद्ध वा ५० देखि ७५ प्रतिशत मुर्रा जातको हुनुपर्नेछ ।<br>● राँगोको उमेर २.५ देखि ४ बर्षको | ● बोका शुद्ध वा ५० देखि ७५ प्रतिशत वोयर जातको हुनुपर्नेछ ।<br>● बोकाको उमेर ८ महिना देखि |

| | | |
|---|---|---|
| बर्षको हुनुपर्नेछ । ● बहर सरकारी फार्म वा कृत्रिम गर्भाधान बाट जन्मेको हुनुपर्नेछ । ● बहरको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनुपर्नेछ । | हुनुपर्नेछ । ● राँगो सरकारी फार्म वा कृत्रिम गर्भाधान बाट जन्मेको हुनुपर्नेछ । ● राँगोको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनुपर्नेछ । | २ बर्षको हुनुपर्नेछ । ● बोका सरकारी फार्म वा कृत्रिम गर्भाधान बाट जन्मेको हुनुपर्नेछ । ● बोकाको दुवै अण्डकोष राम्रो संग विकास भएको हुनुपर्नेछ । |

३. अनुदान प्राप्त उन्नत बहर /राँगो / बोका बाट प्राकृतिक गर्भाधान सेवा वापत फर्म, समूह /सहकारीले बढिमा देहाय बमोजिमको रकम लिन सक्नेछ ।

गाई -रु १००० ,भैंसी -रु ८००,बाख्रा -रु ३००

४.पहिलो पक्षले दोस्रो पक्षलाई जम्मा खरिद रकमको ७५ प्रतिशत वा बढिमा रु ............ । खरिद गरि ल्याइसकेपछि दोश्रो पक्षलाई उपलब्ध गराउनेछ ।

५.अनुगमन गर्दा सम्झौतामा उल्लेख भएबमोजिको काम नभएको पाइएमा पहिलो पक्षले दोस्रो पक्षको

सम्झौता रद्द गरि  अन्य फर्म, समूह /सहकारी सँग सम्झौता गर्नेछ ।

६.यस सम्झौतामा उल्लेख भएका नियमहरू यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरू प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

<u>पहिलो पक्षको तर्फबाट</u>

<u>दोस्रो पक्षको तर्फबाट</u>

नामः नामः

पदः पद

दस्तखतः दस्तखतः

मितिः मितिः

कार्यालयको छापः संस्थाको छापः

# अनुसूची ६
# कार्यसम्पनको अनुगमन विवरण को ढाँचा

**१.** फर्म, समूह /सहकारी को नाम र ठेगाना :

२. संञ्चालक /प्रतिनिधिको नाम :

३. खरिद गरेको पशुको जात र नश्ल :

४. उन्नत नश्लको बहर /राँगो / बोका
बाट लाभान्वित हुन सक्ने पशु संख्या :

५. खरिद गरेको रकम :

६. सम्झौता अनुसार काम भएको वा नभएको :

७. उन्नत नश्लको बहर /राँगो / बोका बाट
हुन सक्ने उपलब्धी :

८.संञ्चालक /प्रतिनिधिको सहि,छाप :
अनुगमन गर्ने व्यक्तिहरुको नाम :
१.
२.
३.

# अनुसूची ७

## नश्ल सुधार कृषक अनुदान कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान सेवा संञ्चालनका लागि सूचना

यस रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यलयको आर्थिक वर्ष २०७७।७८ का लागी स्वीकृत बार्षिक कार्यक्रम अनुसार नश्ल सुधार कृषक अनुदान कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान सेवा निःशुल्क गराइएको हुदा पशु सेवा शाखामा समन्वय गरि गाई, भैंसीमा कृत्रिम गर्भधान गरि लाभ लिनुहुन संम्बन्धित सबैलाई जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सर्तहरु :**

१.निःशुल्क कृत्रिम गर्भधान का लागी सेवा एक आर्थिक बर्षमा एउटा गाई,भैसी को लागी १ पटक मात्र उपलव्ध गराइनेछ ।

थप जानकारिको लागी फोन नं. : पशु सेवा शाखा संयोजक श्री हिरामणी घिमिरे ९८५६०३३११९, प्राविधिक श्री विमल सुवेदि ९८४६५८४६३०

# अनुसूची ८

## कृत्रिम गर्भाधान कार्डको नमूना

रुपा गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यलय**

पशु सेवा शाखा

क्र.सं.

कृत्रिम गर्भाधान विवरण कार्ड

---

कृषकको नाम :

ठेगना :

फोन.नं.:

पशुको किसिम :

नश्ल :

हालसम्म ब्याएको बेत :

रङ :

ट्याग नं. :

कृत्रिम गर्भाधान गरेको मिति :

सिमेन नं. :

कृत्रिम गर्भाधान कर्ताको नाम :

सम्पर्क नं.

प्राविधिकको हस्ताक्षर :

**लिखितम् भरपाई दादै गण्डकी प्रदेश, कास्की जिल्ला, रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय , पशु सेवा शाखाका लागी आ.व. २०७७/७८ को स्वीकृत वार्षिक बजेट अर्न्तगत नश्ल सुधार कृषक अनुदान कार्यक्रममा हामि तपशिल वमोजिमका व्यक्तिहरुले तपशिल बमोजिमको पशु बस्तुमा कृत्रिम गर्भाधान गरेवापत प्रोत्साहान स्वरुप पाउने रकम रुपा गाउँपालिकाबाट बुझिलिई सो को भरपाई समेत गरिदियौं/गरिलियौं**

| क्र.सं. | मिति | पशु फर्म/कृषकको नाम | ठेगाना | कृत्रिम गर्भाधान गरेको बस्तु | जम्मा रकम | कर कट्टि | जम्मा बुझ्ने को रकम | फोन नं. | साक्षी वडा अध्यक्ष/वडा सदस्य को नाम | सहि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत